## प्रस्ताव एवं निर्णय

प्रस्ताव नं. १ - समपुरक आयोजनाको प्रदेशमा माग गर्ने सम्बन्धमा

निर्णय नं. १ - प्रस्ताव नं. १ उपर छलफल गर्दा आर्थिक मामिला तथा योजना मन्त्रालय प्रदेश नं. ५ बुटवल वाट आ.व ०७६/०७७ को लागी समपुरक आयोजना माग गरि पठाउने भनि लेखि आएकोले देहायवमोजिमका आयोजनाहरु स्विकृत गरी प्राथमिकताक्रम अनुसार माग गरि पठाउने निर्णय गरियो ।

तपशिल

| सि.नं. | कार्यक्रमको नाम | प्रदेशवाट माग गरिएको रकम | गा.पा योगदान |
|---|---|---|---|
| १ | वासा मनरी- गोव्रहिया भुजहवा वोर्डर सम्म सडक कालोपत्रे | १ करोड पचास लाख | १ करोड |
| २ | बहुद्देशिय सभाहल र कम्प्लेक्स भवन निर्माण | १ करोड पचास लाख | १ करोड |
| ३ | झरही -भलुही-धनेवा हुलासी खोला तटवन्ध वडा नं. १ देखि ७ सम्म | १ करोड पचास लाख | ५० लाख |

प्रस्ताव नं. २-- सामुदायिक विद्यालयमा बस खरिद गरी हस्तान्तरण सम्बन्धमा

निर्णय नं. २ - प्रस्ताव नं. २ उपर छलफल गर्दा यस सरावल गा.पा मा रहेका सामुदायिक विद्यालयमा प्रोत्साहन गर्ने एवं शिक्षामा सर्वसाधारण सवैको पहुच स्थापित गर्नको लागी सरावल गाउपलिकाको चौथो गाउसभावाट २०७५/०७६ को लागी स्विकृत वजेटवाट खर्च हुने गरी ४० सिट क्षमताको वस थान-१ खरिद गरि सोको सञ्चालन तथा व्यवस्थापन गर्नको लागी हाल शिक्षा क्षेत्रमा राम्रो प्रगती गर्दै आईरहेको विद्यालय श्री आदर्श मा.वि खोखरपुरालाई हस्तान्तरण गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. ३ - पुर्व योजना तर्जुमा गोष्ठि सम्बन्धमा

निर्णय नं. ३ - यस सरावल गा.पा को आर्थिक वर्ष २०७६/०७७ क० बजेट तर्जुमाको निमित्त एक गाउपालिकास्तरिय र प्रत्येक वडामा १/१ वटा योजना तर्जुमा गोष्ठि आयोजना गर्ने जसमा सम्भव भएसम्म गाउका विकासप्रेमी भद्रभलाद्मीहरुको सहभागिता रहने गरी व्यवस्था मिलाउन कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।यस कार्यक्रमको लागी उपयुक्त शिर्षकवाट प्रत्येक वडामा रु. ४० हजारका दरले उपलब्ध गराउने र गाउपालिकामा उपयुक्त प्रस्तावनासहित कार्यक्रम सञ्चालन गर्ने निर्णय गरियो।

प्रस्ताव नं. ४ - आ.व ०७६/०७७ को वजेट तर्जुमा कार्यतालिका सम्बन्धमा

निर्णय नं. ४ - प्रस्ताव नं. ४ उपर छलफल गर्दा प्रस्ताव नं. ३ मा उल्लिखित पुर्व योजना तर्जुमा गोष्ठि तपशिलको वडामा देहायको मितिमा सञ्चालन गर्ने निर्णय गरियो ।

| सि.नं. | कार्यक्रम हुने वडा | कार्यक्रम सञ्चालन हुने मिति |
|---|---|---|
| 1. | वार्ड नं. २ | २०७६/०२/०३ गते शुक्रवार |
| 2. | वार्ड नं. १ | २०७६/०२/०४ गते शनिवार |
| 3. | वार्ड नं. ३ | २०७६/०२/०५ गते आईतवार |
| 4. | वार्ड नं. ४ | २०७६/०२/०६ गते सोमवार |
| 5. | वार्ड नं. ५ | २०७६/०२/०७ गते मंगलवार |
| 6. | वार्ड नं. ६ | २०७६/०२/०८ गते वुधचार |
| 7. | वार्ड नं. ७ | २०७६/०२/०९ गते विहिवार |

प्रस्ताव नं. ५ - भलुही खोला खोल्ने सम्बन्धमा

निर्णय नं. ५ - प्रस्ताव नं. ५ उपर छलफल गर्दा सरावल गा.पा मा रहेको भलुही खोला खोल्ने सम्बन्धमा सो खोला संग सिमा जोडिएको सुनवल न.पा एवं स्थानिय समुदाय संग समन्वय गरी सहमती भऐ आए पश्चात अर्को वैठकवाट उपयुक्त निर्णय गर्ने सर्वसहमती वाट निर्णय गरियो ।